**संघीय संसद**
**प्रतिनिधि सभा**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**
**२०८२ असार १६ गते सोमबार**
**बैठक संख्याः १२५**

**छलफल**

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा गठित उपसमितिको प्रतिवेदनलाई पारित गर्न समितिका माननीय सभापति अम्मर बहादुर थापाज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिती रहेको थियो ।

**निर्णय**

पदपूर्तिको सम्बन्धमा ६० प्रतिशत सिमित प्रतिस्पर्धाबाट र ४० प्रतिशत खुल्लाबाट पूर्ति हुनेगरी उपसमितिले गरेको प्रबन्धलाई परिवर्तन गर्न नेपाली काँग्रेसको तर्फबाट माननीय सदस्य श्याम कुमार घिमिरेले उठाउनु भएको विषयलाई समितिका अधिकांश सदस्यहरुले असहमति जनाएको हुँदा उपसमितिले गरेको व्यवस्थामा नै सबै पक्षसँग समन्वय गरी सहमत गराउन माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई जिम्मेवारी दिने।

| ............................ | ............................ |
|---|---|
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |